Symbol No:....................

RE 1051'Ko.P'

# SEE 2080 (2024)
## अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. विविधतामा एकताको एक महत्त्व लेख्नुहोस् ।

२. नेपालको मानव विकास सूचकाङ्क अभिवृद्धि गर्न आर्थिक पक्षमा जोड दिनुपर्छ, किन ? एक वाक्यमा लेख्नुहोस् ।

३. ट्रान्सपरेन्सी इन्टरनेसनलले गर्ने प्रमुख एक कार्य लेख्नुहोस् ।

४. तपाइँको समुदायमा विद्यमान कुनै एक सामाजिक समस्या विरुद्धमा जनचेतना जगाउने एक प्लेकार्डको नमुना तयार गर्नुहोस् ।

५. त्रिपक्षीय दिल्ली सम्झौता कहिले भएको थियो ? पूरा मिति लेख्नुहोस् ।

६. दोस्रो विश्वयुद्धको तत्कालीन कारण लेख्नुहोस् ।

७. कुनै दुईओटा वित्तीय उपकरणका नाम लेख्नुहोस् ।

८. बचत गर्ने बानीको विकासले हाम्रो जीवनमा पार्ने कुनै एक सकारात्मक प्रभाव लेख्नुहोस् ।

९. संयुक्त राष्ट्र सङ्घको स्थापनाको कुनै एक उद्देश्य लेख्नुहोस् ।

१०. विश्वव्यापीकरणले स्थानीय संस्कृति, परम्परा, संस्कार, मूल्य मान्यतामा प्रभाव पार्छ, कसरी ? आफ्नो तर्क एक वाक्यमा लेख्नुहोस् ।

११. गुणस्तरीय जीवन कायम गर्न तपाइँले गर्न सक्ने कुनै एक भूमिका उल्लेख गर्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. "आपसी सहयोग र अन्तरक्रियाले सामाजिकीकरणमा सहयोग गर्छ ।" यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

१३. तलको तालिका पुरा गर्नुहोस् :

| क. सं. | राष्ट्रिय गौरवका आयोजना | आर्थिक तथा सामाजिक महत्त्व |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

१४. 'असहाय, अपाङ्ग एवम् जेष्ठ नागरिकप्रतिको हाम्रो दायित्व' शीर्षकमा वक्तृताको नमुना तयार गर्नुहोस् ।

क्रमश:

१५. *लोक संस्कृति संरक्षण गर्न समुदायको भूमिका कस्तो हुनुपर्छ ? कुनै चार बुँदामा स्पष्ट पार्नुहोस् ।*

अथवा

विश्वमा ५ त विभिन्न मुलुकहरूबिच कसरी विश्वबन्धुत्व विकास गर्न सकिएला ? आफ्नो विचार चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

१६. मानव बेचबिखनका विरुद्धमा भएका प्रयासहरू तथा तिनको प्रभावकारिता विश्लेषण गर्नुहोस् ।

१७. लोकतान्त्रिक शासन व्यवस्थामा न्यायपालिकाले खेल्नुपर्ने चार भूमिका लेख्नुहोस् ।

१८. धरातलीय विविधताले जनजीवनमा पार्ने प्रभाव नेपालको सन्दर्भमा प्रस्ट पार्नुहोस् ।

१९. जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले के कस्ता विषयहरू उठाउनुपर्ला ? नेपाल सरकारलाई चार सुझावहरू दिनुहोस् ।

२०. वातावरण प्रदूषण न्यूनीकरण गर्न कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ? कुनै चार उपायहरू लेख्नुहोस् ।

## समूह 'ग'

***तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :*** (४×७=२८)

२१. स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि निर्वाचन आयोगले गर्दै आएका कार्यहरूको विश्लेषण गर्दै निर्वाचनमा नागरिकको भूमिका कसरी प्रभावकारी बनाउन सकिन्छ ? सुझाव प्रस्तुत गर्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) कञ्चनजङ्घा हिमाल
(ख) कर्णाली प्रदेश
(ग) अरनिको राजमार्ग
(घ) जुट उत्पादन क्षेत्र

अथवा

पृष्ठ भरिने गरी दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) एन्जल झरना
(ख) पाटागोनिया मरुभूमि
(ग) अमेजन नदी
(घ) उरुग्वे

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

दक्षिण अमेरिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक पक्षको वर्णन गर्नुहोस् ।

२३. वि.सं. २०६३ जेठ ४ गतेको प्रतिनिधि सभाको घोषणाको पृष्ठभूमि र त्यसपछि विकसित राजनीतिक घटनाक्रमको प्रभाव उल्लेख गर्नुहोस् ।

२४. नेपालमा वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावहरू समावेश गरी दुई साथीबिचको संवाद तयार गर्नुहोस् ।

●●●

Symbol No:....................

RE 1051'MP'

# SEE 2080 (2024)

## अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

### समूह 'क'

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : (११×१=११)

१. हाम्रा कुनै दुई राष्ट्रिय पहिचान उल्लेख गर्नुहोस् ।

२. राष्ट्रिय गौरवको आयोजनालाई किन विशेष प्राथमिकता दिइएको होला ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।

३. अन्धविश्वासको अर्थ एक वाक्यमा लेख्नुहोस् ।

४. मानव बेचबिखनलाई हटाउन उत्प्रेरणा दिने किसिमको नारा वा प्लेकार्डको नमुना तयार गर्नुहोस् ।

५. शीत युद्धलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

६. पञ्चायती व्यवस्था उदय हुनुमा तपाईं कुन कारणलाई सबैभन्दा बढी जिम्मेवार ठान्नुहुन्छ ? किन ?

७. सहकारीको कुनै एक विशेषता लेख्नुहोस् ।

८. देशको आर्थिक समृद्धिका लागि आगामी आर्थिक योजनामा कुन क्षेत्रलाई प्राथमिकता दिनुपर्ला ? कुनै एक सुझाव दिनुहोस् ।

९. नेपालको परराष्ट्र नीतिको कुनै एक आधार लेख्नुहोस् ।

१०. विश्वव्यापीकरणले नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ, कसरी ? एक वाक्यमा लेख्नुहोस् ।

११. गुणस्तरीय जीवन कायम गर्न तपाईंको परिवारले अवलम्बन गर्दै आएको कुनै एक कार्य लेख्नुहोस् ।

### समूह 'ख'

तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : (९×४=३६)

१२. तपाईं सामाजिकीकरणका तत्त्वहरूमध्ये कुन चाहिँ तत्त्वलाई महत्त्वपूर्ण मान्नुहुन्छ ? किन ? आफ्ना तर्कहरू चार बुँदामा उल्लेख गर्नुहोस् ।

१३. नेपालमा सङ्घीयताको कार्यान्वयन सँगसँगै राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा आएका सकारात्मक परिवर्तनहरू उल्लेख गर्नुहोस् ।

१४. तपाईंको समुदायमा रहेका सम्पदाहरू संरक्षण गर्ने उपाय समावेश गरी आफ्नो स्थानीय तहलाई लेख्ने निवेदनको नमुना तयार गर्नुहोस् ।

१५. नेपालमा असहाय र अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी राज्यको मूल प्रवाहमा समावेश गर्न सकिन्छ ? आफ्नो विचार चार बुँदामा उल्लेख गर्नुहोस् ।

अथवा

हाम्रा लोकसङ्गीतको संरक्षणमा स्थानीय तहले कस्तो भूमिका खेल्नुपर्छ ? कुनै चार सुझावहरू दिनुहोस् ।

१६. भ्रष्टाचारबाट अकुत सम्पत्ति जोडी समाजमा धनको रवाफ देखाउदै हिँड्ने व्यक्तिलाई तपाईंको प्रतिक्रिया कस्तो रहन्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

१७. निर्वाचन प्रक्रियाअन्तर्गत निर्वाचन पूर्व र निर्वाचनको अवधिमा गरिने दुई दुईओटा कार्यहरू तालिकामा लेख्नुहोस् ।

१८. विपद्बाट सुरक्षित हुनका निम्ति अपनाउनुपर्ने कुनै चार उपायहरू लेख्नुहोस् ।

१९. "विश्वव्यापीकरण र नेपाल" शीर्षकमा एक संवादको नमुना तयार पार्नुहोस् ।

२०. सामुदायिक स्वास्थ्यका कुनै चारओटा क्षेत्रहरू प्रस्ट पार्नुहोस् ।

## समूह 'ग'

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : (४×७=२८)

२१. नेपालमा कानुनी शासन स्थापनामा न्यायपालिकाले खेल्दै आएको भूमिका र यसका चुनौतीहरू विश्लेषण गर्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) सैपाल हिमाल

(ख) लुम्बिनी प्रदेश

(ग) पूर्वी राजमार्ग

(घ) सप्तकोसी नदी

अथवा

पृष्ठ भरिने गरी दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) एन्जल झरना

(ख) आकोन्गुवा पर्वत

(ग) गायनाको उच्चभूमि

(घ) फकल्यान्डको टापु

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

दक्षिण अमेरिका महादेशको सामाजिक, भौतिक तथा आर्थिक पक्षको चर्चा गर्नुहोस् ।

२३. प्रथम विश्वयुद्धका परिणामहरू र दोस्रो विश्वयुद्धका कारणहरूबिचको सम्बन्ध स्पष्ट पार्नुहोस् ।

२४. वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित बनाउन 'पूर्व तयारी' को रूपमा र 'गन्तव्य स्थल' मा के कस्ता रणनीति अपनाउनुपर्ला ? आफ्ना विचारहरू उल्लेख गर्नुहोस् ।

●●●

Symbol N0:............... RE-1051'BP'

# SEE 2080(2024)

## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस्:**

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११ ×१ = ११)**

१. सामाजिकीकरणका दुईओटा तत्वहरू लेख्नुहोस् ।

२. विकास आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनामा सूचीकृत गरिनुको औचित्य एक वाक्यमा पुष्टि गर्नुहोस् ।

३. नेपालमा सामाजिक समस्या समाधानमा युनिसेफ (UNICEF) को एक भूमिका एक वाक्यमा लेख्नुहोस् ।

४. 'भ्रष्टाचारको कुनै जात र धर्म हुँदैन' भन्ने कुरालाई एक वाक्यमा आफ्नो धारणा दिनुहोस् ।

५. मार्सल प्लानको प्रमुख एक उद्देश्य लेख्नुहोस् ।

६. तपाईंको विचारमा पहिलो संविधान सभाले किन संविधान जारी गर्न सकेन ? उपयुक्त कारण दिनुहोस् ।

७. ऊर्जाका दुईओटा स्रोतहरूको नाम लेख्नुहोस् ।

८. वैदेशिक रोजगारीमा जान चाहने तपाईंको दाजुलाई व्यवस्थित रोजगारका निम्ति तपाईंले दिने कुनै एक सल्लाह उल्लेख गर्नुहोस् ।

९. संयुक्त राष्ट्र संघमा सबैभन्दा धेरै पटक भिटो प्रयोग गर्ने राष्ट्र कुन हो ?

१०. आफ्नो शिक्षण सिकाइका लागि तपाईंले सूचना तथा सञ्चार प्रविधिलाई कसरी प्रयोग गर्दै आउनु भएको छ ? एक वाक्यमा लेख्नुहोस् ।

११. शिक्षाले गुणस्तरीय जीवनमा कसरी सुधार ल्याउँछ ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस्।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९ ×४ = ३६)**

१२. विविधतामा एकताले नेपालको सामाजिक सहिष्णुता बढाएको छ, कसरी ? पुष्टि गर्नुहोस् ।

१३. हाम्रो मुलुकले मानव विकास सूचकाङ्कमा वृद्धि गर्नका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्षहरू उल्लेख गर्नुहोस् ।

१४. 'ज्येष्ठ नागरिकको विशेष हेरचाह र सम्मान गर्नु हामी सबैको दायित्व हो' भन्ने विषय समेटी संवादको एक नमुना तयार पार्नुहोस् ।

१५. नेपाली लोक तथा शास्त्रीय नृत्यलाई बचाई राख्न समुदाय र स्थानीय तहले के कस्ता कार्यहरू गर्नुपर्ला ? आफ्ना विचार चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

**अथवा**

विश्व प्रसिद्ध शिक्षा तथा बालअधिकार अभियन्ता मलाला युसुफजाईका गतिविधिहरूबाट पाएको प्रेरणालाई हाम्रो जीवनमा कसरी लागू गर्न सकिन्छ ? आफ्नो धारणा चार बुँदामा प्रस्तुत गर्नुहोस्।

१६. सामाजिक सञ्जाल सही ढङ्गले उपयोग गर्न नसक्दा हुन सक्ने जोखिमहरू मूल्याङ्कन गर्नुहोस्।

१७. संसदीय शासन प्रणालीमा शक्ति सन्तुलनको महत्व चार बुँदामा लेख्नुहोस् ।

१८. भूमध्यरेखीय हावापानी र भूमध्यसागरीय हावापानी क्षेत्रबिचको फरक छुट्याउनुहोस्।

१९. संयुक्त राष्ट्रसंघीय विशिष्टीकृत संस्थाको आर्थिक/सामाजिक विकासमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै कुनै एक विशिष्टीकृत संस्थाको प्रमुखलाई धन्यवाद पत्र लेख्नुहोस् ।

२०. नेपालको जनसङ्ख्या वृद्धिदरको प्रवृत्ति स्पष्ट पार्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४ ×७ = २८)**

२१. संसदीय प्रणालीमा संसद्को विशेष महत्त्व रहेको हुन्छ भन्ने तथ्य वर्तमान नेपालको संघीय संसदले गर्दै आएको कार्यका आधारमा विश्लेषण गर्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) नाम्चे बजार (ख) मधेश प्रदेश (ग) खप्तड राष्ट्रिय निकुञ्ज (घ) फेवाताल

**अथवा**

पृष्ठ भरिने गरी दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) टिटीकाका ताल (ख) पाटागोनिया मरुभूमि (ग) अमेजन नद (घ) फकल्यान्ड टापु

**अथवा**

**(दृष्टिविहीनहरूका लागि मात्र)**

दक्षिण अमेरिका महादेशको सामाजिक, भौतिक तथा आर्थिक पक्षको वर्णन गर्नुहोस्।

२३. जनआन्दोलन २०४६ र जनआन्दोलन २०६२/६३ बिच पृष्ठभूमि र उपलब्धिका आधारमा तुलना गर्नुहोस् ।

२४. नेपालमा पर्यटन क्षेत्रको सम्भावनाहरू उल्लेख गरी तपाईंको विदेशी साथीलाई भ्रमणका लागि अनुरोध गर्दै पत्र लेख्नुहोस् ।

□□□

# SEE 2080 (2024)
## अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा पूर्णाङ्क : ७५

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. हाम्रा कुनै दुईओटा राष्ट्रिय गौरवहरूको सूची तयार गर्नुहोस् ।
२. मानव विकास सूचकाङ्क अभिवृद्धि गर्न कुन पक्षमा सबैभन्दा बढी जोड दिनुपर्छ ? आफ्नो तार्किक धारणा दिनुहोस् ।
३. अन्तरराष्ट्रिय श्रम सङ्गठन (ILO) ले गर्ने कुनै एक कार्य लेख्नुहोस् ।
४. बालविवाह न्यूनीकरणमा तपाईंले खेल्न सक्ने एक भूमिका लेख्नुहोस् ।
५. अध्ययन भ्रमणमा तथ्याङ्क सङ्कलनमा प्रयोग गर्न सकिने दुई विधिहरू लेख्नुहोस् ।
६. लोकतान्त्रिक आन्दोलनबाट प्राप्त उपलब्धिहरू रक्षा गर्न के गर्नुपर्छ ? कुनै एक सुझाव दिनुहोस् ।
७. नेपालमा रोजगारीको अवसर वृद्धि गर्ने कुनै एक उपाय लेख्नुहोस् ।
८. वित्तीय शिक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने एक नारा तयार पार्नुहोस् ।
९. स्थानीयकरणलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।
१०. विश्व स्वास्थ्य सङ्गठनले नेपालको स्वास्थ्य क्षेत्रको विकासमा कसरी योगदान पुऱ्याएको छ ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।
११. वातावरण संरक्षणमा तपाईंले खेल्न सक्ने कुनै एक भूमिका लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. 'सामाजिकीरणका विभिन्न माध्यमहरूमध्ये दौंतरी समूहको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ ।' यस भनाइप्रति आफ्नो तार्किक विचार चार बुँदामा प्रस्तुत गर्नुहोस् ।
१३. राष्ट्रिय गौरवका आयोजनाले देशको विकासमा पार्ने सकारात्मक प्रभावहरू चार बुँदामा उल्लेख गर्नुहोस् ।
१४. विश्वबन्धुत्व कायम गर्ने उपायहरू समावेश गरी दुई साथीहरू बिचमा भएको संवादको नमुना तयार गर्नुहोस् ।
१५. हाम्रो देशमा वर्षभरिमा विभिन्न राष्ट्रिय दिवसहरू मनाइन्छन् । यस्ता दिवस मनाउनुको औचित्य चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

अथवा

नेपालमा विभिन्न प्रकारका शास्त्रीय नृत्यहरू नाचिन्छन् । यस्ता शास्त्रीय नृत्यहरू कसरी व्यावहारिक रूपमा सान्दर्भिक छन् ? आफ्नो विचार उल्लेख गर्नुहोस् ।

क्रमशः

१६. 'अन्धविश्वास सामाजिक हिंसाको कारक तत्त्व हो ।' यस भनाइलाई कारणसहित पुष्टि गर्नुहोस् ।

१७. न्यायपालिकाका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् ।

१८. भूमध्यसागरीय हावापानीको क्षेत्रका चार विशेषताहरू उल्लेख गर्नुहोस् ।

१९. नेपाल भ्रमणमा आएका बखत संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टिनियो गुटेरसलाई नेपालमा संयुक्त राष्ट्र सङ्घको भूमिका सम्बन्धमा सोध्न सकिने कुनै चार प्रश्नावलीको नमुना तयार पार्नुहोस् ।

२०. नेपालमा बोलिने भाषागत संरचनाको वर्णन गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. नेपालमा लोकतन्त्रको स्थापना र सुदृढीकरणमा राजनीतिक दलले खेलेको भूमिकाको समीक्षा गर्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) से-फोक्सुन्डो ताल

(ख) कोशी प्रदेश

(ग) पोखरा

(घ) शुक्लाफाँट राष्ट्रिय निकुञ्ज

अथवा

पृष्ठ भरिने गरी अफ्रिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) एटलस पर्वत

(ख) सहारा मरूभूमि

(ग) माउन्ट किलिमन्जरो

(घ) मडागास्कर टापु

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

अफ्रिका महादेशको सामाजिक तथा आर्थिक अवस्थाको वर्णन गर्नुहोस् ।

२३. 'राष्ट्र सङ्घको असफलता र भर्सेलिज सन्धिको उल्लङ्घन दोस्रो विश्वयुद्धको प्रमुख कारण थिए ।' यस भनाइलाई प्रस्ट पार्नुहोस् ।

२४. 'जीवनमा आइपर्ने आकस्मिक क्षति न्यूनीकरणमा बिमाको महत्त्व' शीर्षकमा एउटा लेख तयार पार्नुहोस् ।

●●●

Symbol No:....................

RE 1051'LP'

# SEE 2080 (2024)
# अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. सामाजिकीकरणका कुनै दुई माध्यमहरू लेख्नुहोस् ।

२. स्थानीय विकासका लागि सङ्घीय शासन प्रणाली महत्त्वपूर्ण छ, कसरी ? एक वाक्यमा उल्लेख गर्नुहोस् ।

३. घरेलु हिंसाले सिर्जना गर्ने एउटा असर लेख्नुहोस् ।

४. समाजमा अन्धविश्वास हटाउन तपाईंले खेल्न सक्ने कुनै एक भूमिका लेख्नुहोस् ।

५. 'प्रचण्ड गोरखा' नामक संस्था कहिले स्थापना भएको थियो ?

६. उग्रराष्ट्रवादले कसरी प्रथम विश्वयुद्ध सुरु भयो ? एक वाक्यमा आफ्नो तर्क दिनुहोस् ।

७. वित्तीय शिक्षालाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

८. पर्यटनलाई प्रवर्धन गर्नका लागि एउटा नारासहितको प्लेकार्ड तयार पार्नुहोस् ।

९. विश्व स्वास्थ्य सङ्गठनले नेपालमा पुऱ्याएको कुनै एक योगदान लेख्नुहोस् ।

१०. समसामयिक घटनाको जानकारीले विद्यार्थीहरूको सोचाइ र व्यवहारको अभिवृद्धिमा कसरी मद्दत गर्छ ? आफ्नो तर्कसहित एक वाक्यमा पुष्टि गर्नुहोस् ।

११. जनसङ्ख्या वितरणले तपाईंको समुदायमा पारेको प्रभाव एक वाक्यमा लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. यदि तपाईंलाई आफ्नो देशको साझा पहिचानको सन्दर्भमा चिनाउने अवसर प्राप्त भएमा कुन-कुन वस्तु समेट्नुहुन्छ ? आफ्ना विचार चार बुँदामा उल्लेख गर्नुहोस् ।

१३. 'राष्ट्रिय गौरवका आयोजना सामाजिक आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण हुन्छन् ।' कुनै चार बुँदामा प्रस्ट पार्नुहोस् ।

१४. नेपाली लोकसङ्गीतको संरक्षणमा युवाहरूले खेल्नुपर्ने भूमिका समेटी साथीलाई चिठी लेख्नुहोस् ।

१५. जेष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिप्रति हाम्रो दायित्व कस्तो हुनुपर्छ ? कुनै चार रचनात्मक सुझावहरू प्रस्तुत गर्नुहोस् ।

अथवा

विश्व समुदायमा विश्वबन्धुत्व र मानवताको भावना कसरी अभिवृद्धि गर्न सकिन्छ ? कुनै चार उपायहरू प्रस्तुत गर्नुहोस् ।

१६. 'सामाजिक समस्या निराकरणमा एक्लो प्रयासमात्र पर्याप्त हुँदैन, तर सुरूवात आफैंबाट गर्नुपर्छ ।' यस भनाइलाई तार्किक रूपमा पुष्टि गर्नुहोस् ।

क्रमशः

१७. नेपालको सङ्घीय कानुन निर्माण प्रक्रिया प्रस्ट पार्नुहोस् ।

१८. उष्ण मनसुनी हावापानी र समशीतोष्ण मौसमी हावापानीबिच तुलना गर्नुहोस् ।

१९. मानौं तपाईं 'नेपालको सन्दर्भमा विश्वव्यापीकरण वरदान हो' शीर्षकको वादविवाद प्रतियोगितामा सहभागी हुनुभएको छ । उक्त प्रतियोगितामा तपाईंले पक्ष वा विपक्षमा व्यक्त गर्ने कुनै एक मन्तव्यको नमुना तयार पार्नुहोस् ।

२०. जनसङ्ख्याको वनोटले के कस्तो कुराको जानकारी प्राप्त गर्न सकिन्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. नेपालमा उपभोक्ता अधिकार संरक्षणका लागि भएका कानुनी व्यवस्थाको विश्लेषण गर्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) कर्णाली नदी

(ख) वाग्मती प्रदेश

(ग) मुक्तिनाथ मन्दिर

(घ) कञ्चनजङ्गा संरक्षण क्षेत्र

अथवा

पृष्ठ भरिने गरी उत्तर अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) मृत उपत्यका

(ख) रकी पर्वत श्रेणी

(ग) मेक्सिको खाडी

(घ) पानामा नहर

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

उत्तर अमेरिका महादेशको सामाजिक तथा आर्थिक अवस्थाको वर्णन गर्नुहोस् ।

२३. नेपालमा जनमत सङ्ग्रहको पृष्ठभूमि उल्लेख गर्दै त्यसपछि विकसित राजनीतिक घटनाक्रमहरू उल्लेख गर्नुहोस् ।

२४. "नेपालमा ऊर्जाको महत्त्व र सम्भावना" शीर्षकमा वक्तृताको नमूना तयार पार्नुहोस् ।

●●●

Symbol No:.....................

RE-1051'Ka.P'

# SEE 2080 (2024)

## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. हाम्रो राष्ट्रिय गौरव देखाउने कुनै दुईओटा चिनारीहरू लेख्नुहोस् ।
२. तपाईंको समुदायमा दिगो विकासको अवधारणालाई कार्यान्वयन गर्न कुनै एक सुझाव लेख्नुहोस् ।
३. मानव बेचबिखनका कुनै एक कारण लेख्नुहोस् ।
४. अन्धविश्वास विरुद्ध जनचेतना जगाउने एक प्लेकार्डको नमुना तयार पार्नुहोस् ।
५. दिल्ली सम्झौताको कुनै एक प्रमुख प्रावधान उल्लेख गर्नुहोस् ।
६. विश्व आर्थिक सङ्कट कसरी दोस्रो विश्वयुद्धको कारण बन्यो ? तपाईंको विचार एक वाक्यमा प्रस्तुत गर्नुहोस् ।
७. जीवन बिमा र निर्जीवन बिमाबिच कुनै एक फरक लेख्नुहोस् ।
८. तपाईंले बैङ्कमा कस्तो प्रकारको खाता खोल्न चाहनुहुन्छ ? उक्त खाता खोल्न चाहनुको एउटा कारण उल्लेख गर्नुहोस् ।
९. संयुक्त राष्ट्रसङ्घको कुन अङ्गले विश्वमा शान्ति र सुरक्षा कायम गर्ने कार्य गर्दछ ?
१०. "विद्यार्थीले समसामयिक घटनाको जानकारी लिनुपर्छ ।" यसमा तपाईंको सहमति वा असहमति के छ ? एक वाक्यमा आफ्नो धारणा लेख्नुहोस् ।
११. नेपालमा पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बसाइँ सर्ने प्रवृत्ति वर्षेपिच्छे बढिरहेको छ, यसलाई रोक्न के गर्नुपर्ला ? एउटा प्रभावकारी सुझाव प्रस्तुत गर्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. 'बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधता नेपालको मौलिक पहिचान हो ।' उदाहरणसहित प्रस्ट पार्नुहोस् ।
१३. 'सङ्घीयतामा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुन्छ ।' यस भनाइलाई चार बुँदामा प्रस्ट पार्नुहोस् ।
१४. तपाईंको परिवारमा जेष्ठ नागरिकप्रति सम्मान र सहानुभूतिपूर्ण व्यवहारका लागि तपाईंले के कस्ता कार्य गर्दै आउनुभएको छ ? चार बुँदामा लेख्नुहोस् ।
१५. संविधान दिवसलाई 'राष्ट्रिय दिवस'को रूपमा मनाउनुका कारणहरू विश्लेषण गर्नुहोस् ।

अथवा

'राष्ट्रिय सम्पदाहरूको संरक्षण गर्न नागरिकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ' भन्ने तथ्य उदाहरणसहित पुष्टि गर्नुहोस् ।

क्रमश:

१६. हाम्रो समाजमा भइरहेका घरेलु हिंसाका घटनाहरू कम गर्न स्थानीय समुदायमा सचेतना अभिवृद्धि गर्न के गर्नुपर्ला ? आफ्नो धारणा चार बुँदामा लेख्नुहोस् ।

१७. नेपालको संविधानबमोजिम सङ्घीय मन्त्रिपरिषद् गठनसम्बन्धी चार प्रावधानहरू उल्लेख गर्नुहोस् ।

१८. उष्ण प्रदेशका मानिसहरूले गर्ने कुनै चारओटा आर्थिक क्रियाकलापहरू लेख्नुहोस् ।

१९. "सामाजिक सञ्जाल तथा सूचना प्रविधि, हाम्रो समाजमा कति लाभदायी ?" शीर्षकमा एक वक्तृताको नमुना तयार पार्नुहोस् ।

२०. "स्वस्थ जीवनशैली सिर्जना गर्न स्वस्थ वातावरणको महत्त्व हुन्छ ।" यस भनाइलाई चार बुँदामा लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. "सबै मौलिक हक मानव अधिकार हुन् तर सबै मानव अधिकार मौलिक हक होइनन्" नेपालको सन्दर्भमा विश्लेषण गर्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) अन्नपूर्ण हिमाल

(ख) सुदूरपश्चिम प्रदेश

(ग) पाथीभरा मन्दिर

(घ) चितवन राष्ट्रिय निकुञ्ज

अथवा

पृष्ठ भरिने गरी दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) अमेजन बेसी

(ख) एन्डिज पर्वत

(ग) ब्राजिलियनको उच्च भूमि

(घ) फकल्यान्डको टापु

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

दक्षिण अमेरिका महादेशको सामाजिक तथा आर्थिक अवस्था उल्लेख गर्नुहोस् ।

२३. वि.सं. २००७ देखि २०१७ र वि.सं. २०४६ देखि २०६१ सम्मको राजनीतिक अवस्थाको तुलना गर्नुहोस् ।

२४. वित्तीय शिक्षाको आवश्यकता र यसको प्रभावकारिताका सम्बन्धमा दुई साथीबिच संवाद तयार गर्नुहोस् ।

●●●

Symbol No:....................

RE 1051'SP'

**SEE 2080 (2024)**

**अनिवार्य सामाजिक अध्ययन**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. सामाजिकीकरणको एक प्रमुख विशेषता उल्लेख गर्नुहोस् ।
२. नेपालमा सङ्घीय शासन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्न के गर्नुपर्ला ? कुनै एक सुझाव दिनुहोस् ।
३. मानव बेचबिखनलाई नियन्त्रण गर्ने कुनै एक उपाय लेख्नुहोस् ।
४. कुनै एक सामाजिक समस्यालाई निराकरण गर्न सहयोग गर्ने किसिमको कुनै एक नारा तयार गर्नुहोस् ।
५. वि.सं. २००७ देखि २०१७ सम्मको कुनै एक आर्थिक उपलब्धि लेख्नुहोस् ।
६. जनआन्दोलन २०६२/६३ को प्रमुख कारण केलाई मान्नुहुन्छ ?
७. राजस्व भनेको के हो ?
८. तपाईंका विचारमा बौद्धिक पलायन कसरी रोक्न सकिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।
९. नेपालको परराष्ट्र नीतिको कुनै एक आधार लेख्नुहोस् ।
१०. सामाजिक सञ्जालको दुरुपयोग न्यूनीकरणका लागि कुनै एक सुझाव दिनुहोस् ।
११. जनसङ्ख्या वृद्धिका कारणले तपाईंको वरिपरिको समुदायमा पारेको कुनै एक प्रभाव लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. नेपाल जस्तो बहुसांस्कृतिक मुलुकका लागि वर्तमान राष्ट्रिय गान कसरी राष्ट्रिय गौरवको विषय बन्न गएको छ ? आफ्नो विचार लेख्नुहोस् ।
१३. नेपालको मानव विकास सूचकाङ्क लक्ष्यअनुसार वृद्धि हुन नसक्नुका कुनै चार कारणहरू उल्लेख गर्नुहोस् ।
१४. 'जेष्ठ नागरिकप्रति हाम्रो दायित्व' शीर्षकमा कुनै एक पत्रिकाको लागि सम्पादकीय लेख्नुहोस् ।
१५. 'विश्वशान्ति प्रवर्द्धनका लागि विश्वबन्धुत्वको भावनाको विकास एवम् प्रसार जरुरी छ ।' भन्ने सन्दर्भलाई पुष्टि गर्ने तर्क पेस गर्नुहोस् ।

अथवा

नेपालमा सहिदहरूप्रति सम्मानको भावना थप अभिवृद्धि गर्न सहिद दिवसलाई कसरी मनाउनुपर्ला ? कुनै चार सुझावहरू प्रस्तुत गर्नुहोस् ।

१६. हाम्रो समाजमा फजुल खर्च गर्ने प्रवृत्ति बढ्नुका कारणहरू विश्लेषण गर्नुहोस् ।

क्रमशः

१७. मानव अधिकार घोषणापत्रका कुनै चार विशेषताहरू उल्लेख गर्नुहोस् ।
१८. उचाइ र अक्षांशले हावापानीमा कसरी प्रभाव पार्दछ ? व्याख्या गर्नुहोस् ।
१९. संयुक्त राष्ट्र सङ्घको शान्ति मिसनमा नेपाली सेनाले पुऱ्याएको योगदानको चर्चा गर्दै एक दैनिक पत्रिकाका लागि समाचारको नमुना तयार पार्नुहोस् ।
२०. वातावरण प्रदूषण नियन्त्रणका लागि व्यक्ति, परिवार, समुदाय र स्थानीय तहले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? प्रत्येकको एक एकओटा भूमिका लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. नेपालको संसदीय शासन प्रणालीमा शक्ति सन्तुलन र नियन्त्रण सम्वन्धी अभ्यासको समीक्षा गर्नुहोस् ।
२२. पृष्ठभरि नेपालको नक्सा वनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :
(क) सगरमाथा हिमाल (ख) वाग्मती प्रदेश
(ग) वीरगञ्ज (घ) कर्णाली नदी

अथवा

पृष्ठ भरिने गरी अफ्रिका महादेशको नक्सा वनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :
(क) गिनीको खाडी
(ख) ड्राकेन्सवर्ग
(ग) माडागास्कर
(घ) त्रिपोली

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

अफ्रिका महादेशको सामाजिक तथा आर्थिक अवस्थावारे कुनै सात बुँदामा व्याख्या गर्नुहोस् ।
२३. विश्वयुद्धमा नेपालको सहभागिता र त्यसले नेपालमा पारेका प्रभावहरू स्पष्ट पार्नुहोस् ।
२४. 'नेपालमा वित्तीय शिक्षाको महत्त्व' शीर्षकमा एउटा लेख तयार पार्नुहोस् ।

●●●

T



# SEE (Grade Increment) 2080 (2024)
## अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा पूर्णाङ्क : ७५

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

### समूह 'क'

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : (११×१=११)

१. सामाजिकीकरण भनेको के हो ?

२. सुनकोसी मरिण डाइभर्सन आयोजनाको एक फाइदा लेख्नुहोस् ।

३. घरेलु हिंसाबाट पर्ने एक असर लेख्नुहोस् ।

४. दाइजो प्रथा विरुद्ध जनचेतना जगाउने आकर्षक नारा सहितको प्लेकार्ड तयार पार्नुहोस् ।

५. नेपालमा गणतन्त्र कहिले घोषणा भयो ?

६. युद्ध समस्याको समाधान होइन, किन ? एक वाक्यमा लेख्नुहोस् ।

७. आन्तरिक पर्यटक र वाह्य पर्यटकविच एक भिन्नता लेख्नुहोस् ।

८. तपाईं सहकारीको सदस्य हुनुभयो भने के फाइदा लिन सक्नुहुन्छ ? एक फाइदा लेख्नुहोस् ।

९. संयुक्त राष्ट्रसङ्घको कुनै एक कार्य लेख्नुहोस् ।

१०. "सूचना तथा सञ्चार प्रविधिको विकास मानव जीवनमा आवश्यक छ" किन ? एक वाक्यमा लेख्नुहोस् ।

११. तपाईंको परिवारले गुणस्तरीय जीवन प्राप्त गर्न अपनाएको कुनै एक उपाय लेख्नुहोस् ।

### समूह 'ख'

तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : (९×४=३६)

१२. नेपालमा विविधतामा एकता कायम गर्न के कस्ता प्रयास गर्नुपर्ला ? कुनै चार सुझावहरू प्रस्तुत गर्नुहोस् ।

१३. राष्ट्रिय गौरवका कुनै एक आयोजनाको छोटो परिचय दिनुहोस् ।

१४. अन्तर्राष्ट्रिय व्यक्तित्वबाट प्राप्त हुन सक्ने प्रेरणा उल्लेख गर्दै दुई साथी विचको संवाद तयार पार्नुहोस् ।

Contd...

१५. नेपाली लोक बाजा संरक्षणका लागि स्थानीय तहलाई तपाईंले दिन सक्ने चारओटा सुझावहरू लेख्नुहोस् ।

अथवा

हाल युद्धरत मुलुकहरूमा शान्ति कायम गर्नका लागि कसरी विश्वबन्धुत्वको भावना विकास गर्न सकिएला ? आफ्नो विचार लेख्नुहोस् ।

१६. सामाजिक समस्याले समाजको विकासमा बाधा पुऱ्याउँछ, कसरी ? प्रष्ट पार्नुहोस् ।

१७. व्यवस्थापिकाले गर्ने कुनै चार कार्यहरू लेख्नुहोस् ।

१८. पहाडको उपस्थितिले हावापानीमा कसरी प्रभाव पार्छ ? प्रस्ट पार्नुहोस् ।

१९. नेपालको परराष्ट्र सम्बन्ध सुधारका लागि अपनाउनु पर्ने तीन उपाय समेटी साथीलाई चिठी लेख्नुहोस् ।

२०. पारिवारिक योजनाको चारओटा महत्त्व लेख्नुहोस् ।

## समूह 'ग'

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : (४×७=२८)

२१. मानव अधिकार संरक्षणमा विभिन्न संस्थाहरूले काम गरिरहँदा पनि मानव अधिकार हननका समाचारहरू आइरहन्छन् । यसो हुनुका तीन कारण उल्लेख गर्दै समाधानका चार उपायहरू लेख्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् ।

(क) सगरमाथा हिमाल

(ख) मधेशप्रदेश

(ग) मध्यपहाडी लोकमार्ग

(घ) फेवा ताल

अथवा

पृष्ठ भरिने गरी उत्तर अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) सुपेरियर ताल

(ख) म्याकिन्ले पर्वत

(ग) सेन्ट लरेन्स नदी

(घ) मेक्सिको खाडी

**अथवा**

**(दृष्टिविहीनहरूका लागि मात्र)**

उत्तर अमेरिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक पक्षको वर्णन गर्नुहोस् ।

२३. प्रथम विश्व युद्धका तीन कारण र चार परिणामहरू लेख्नुहोस् ।

२४. विमाको महत्त्व र विमा गर्दा ध्यान दिनु पर्ने कुराहरू उल्लेख गर्दै एक लेख तयार पार्नुहोस् ।

ૐૐૐ